


वर्ष ४१ | अंक ८ | नेपाल राष्ट्र बैंक समाचार | वैशाख २०७४ | अप्रिल-मे २०१७

# गभर्नर डा. नेपालबाट अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकको संयुक्त Spring Meetings मा सहभागिता

गभर्नर डा. चिरंजीबि नेपाल अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकले संयुक्त राज्य अमेरिकाको वासिङटन डीसीमा सन् २०१७ अप्रिल १९ देखि अप्रिल २३ सम्म आयोजना गरेको 2017 Spring Meetings मा सहभागी हुनुभयो ।

सो Meetings को पहिलो दिन गभर्नर डा. नेपाल Transmission of Macro-prudential and Monetary Policies Across



Borders विषयक उच्चस्तरीय सभामा सहभागी हुनुभयो । पूरा एक दिन चलेको सो सभामा वर्तमान तथा पूर्व चर्चित गभर्नरहरु, विश्वविद्यालयका प्राज्ञिक व्यक्तिहरु र आर्थिक नीति-निर्माता एवम् अनुसन्धानकर्ताहरुको सक्रिय सहभागिता रहेको थियो ।

गभर्नर डा. नेपालले Meetings को दोस्रो दिन विश्व बैंक

बाँकी २ पेजमा

# प्रमुख कार्यकारी अधिकृतहरूसँग अन्तरक्रिया

बैंक तथा वित्तीय संस्था नियमन विभागले चैत ४ गते काठमाडौंमा वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृतहरुसँग समसामयिक विषयहरुमा अन्तरक्रिया कार्यक्रमको आयोजना गऱ्यो ।

उक्त कार्यक्रममा सहभागी वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृतहरुका जिज्ञासाहरुलाई सम्बोधन गर्नुहुँदै गभर्नर डा. चिरंजीबि नेपालले बैंकिङ क्षेत्रमा देखिएका समस्या तथा अप्ठ्याराहरुलाई नीति निर्माण गरी समाधान गरिने बताउनु भयो । उहाँले बैंकहरु तथा सर्वसाधारणहरुको निक्षेपको सुरक्षाको लागि नै नेपाल राष्ट्र बैंकले विभिन्न नीति नियम बनाउने गरेको प्रसंग जोड्दै नेपाल राष्ट्र बैंकलाई बैंकहरुको सहयोगीका रुपमा हेर्न आग्रह गर्नुभयो । उहाँले अनुत्पादक क्षेत्रमा बैंकहरुको लगानी बढेकोले र सरकारको पुँजीगत खर्च सोचेअनुरुप हुन नसकेकोले कर्जायोग्य साधनको अभाव देखिएको उल्लेख



गर्नुहुँदै बैंकिङ क्षेत्र सुदृढ हुँदै जाँदा नीति नियमहरुमा समयानुकूल परिमार्जन गरिने जानकारी पनि दिनुभयो ।

सोही कार्यक्रममा डेपुटी गभर्नर शिवराज श्रेष्ठले Valuebase Banking मा जोड दिँदै नेपाल राष्ट्र बैंक नियमनकर्ता मात्रै नभएर सहजकर्ता पनि रहेको धारणा राख्नु भएको थियो । उहाँले कुनै एउटा बैंकमा समस्या आए अन्य बैंकहरु पनि प्रभावित हुने भएकोले बैंकिङ क्षेत्रका समस्याहरुलाई सबैले साझा समस्याको रुपमा हेर्नुपर्ने विचार व्यक्त गर्नु भएको थियो । बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक महेश्वरलाल श्रेष्ठले कार्यक्रमको सुरुमा समसामयिक बैंकिङ गतिविधि, बैंकहरुको निक्षेप, कर्जा, CCD Ratio, ब्याजदर, स्प्रेडदर आदिसँग सम्बन्धित सामग्री प्रस्तुत गर्नु भएको थियो ।

कार्यक्रममा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक नारायणप्रसाद पौडेल लगायत नेपाल राष्ट्र बैंकका अन्य अधिकृतहरुका साथै सबै वाणिज्य बैंकहरुका प्रमुख कार्यकारी अधिकृत तथा प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

१ पेजको बाँकी

# गभर्नर डा. नेपालबाट ...

तथा अन्तर्राष्ट्रिय मुद्रा कोषको South-East Asia Voting समूहको संयुक्त बैठकमा भाग लिनुभयो । उक्त बैठकमा दक्षिण-पूर्वी एशिया समूहका अर्थमन्त्री, गभर्नर र उच्च पदाधिकारीहरुको उपस्थिति रहेको थियो । विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषको उक्त समूहका कार्यकारी निर्देशकहरुले विश्व अर्थतन्त्र, वित्तीय क्षेत्र र दक्षिण-पूर्वी एशिया क्षेत्रको समसामयिक आर्थिक विषयहरुमा छुट्टाछुट्टै प्रस्तुति दिनु भएको थियो । उहाँहरुको प्रस्तुति विश्व अर्थतन्त्रको दिशा, संयुक्त राज्य अमेरिकाको आर्थिक नीतिले विश्व अर्थतन्त्रमा पार्न सक्ने प्रभाव र विश्व अर्थतन्त्रका सम्भावित जोखिममा केन्द्रित रहेको थियो । यही क्रममा उक्त समूहका दुबै कार्यकारी निर्देशकहरुले नेपालको अर्थतन्त्र सकारात्मक दिशातर्फ उन्मुख भएको र समष्टिगत आर्थिक व्यवस्थापन सन्तोषजनक रहेको बताएका थिए ।

उक्त बैठकको साइडलाइनमा गभर्नर डा. नेपालले मलेशियाका अर्थमन्त्रीसँग नेपालको आर्थिक गतिविधि र विप्रेषणका बारेमा छलफल गर्नुभयो । यसका साथै गभर्नर डा. नेपालले इण्डोनेशियाका अर्थमन्त्री Sri Mulyani Indrawati सँग समसामयिक विषय र नोट छपाइ सम्बन्धमा छलफल गर्नुभएको थियो । सोही दिन गभर्नर डा. नेपालले अन्तर्राष्ट्रिय मुद्रा कोषको दक्षिण-पूर्वी एशिया Voting समूहको आगामी अवधिको Rotation Scheme सम्बन्धी MOU मा हस्ताक्षर गर्नुभयो ।

Meetings का पछिल्ला दिनहरुमा गभर्नर डा. नेपाल उच्च व्यक्तित्वहरुसँगको शिष्टाचार भेटमा व्यस्त रहनु भयो । उहाँले अन्तर्राष्ट्रिय मुद्रा कोषका दक्षिण-पूर्वी एशिया समूहका कार्यकारी निर्देशक Mr. Marzunisham Omar सँग भेट गर्नुभयो । सो भेटमा अन्तर्राष्ट्रिय मुद्रा कोषले नेपाललाई दिँदै आएको नीतिगत सुझाव, प्राविधिक सहयोग तथा तालिमका बारे छलफल भएको थियो । यसका साथै नेपालको समष्टिगत आर्थिक तथा वित्तीय क्षेत्रको स्थिति र नेपालले समष्टिगत आर्थिक तथा वित्तीय क्षेत्रको व्यवस्थापनका लागि चालेका नीतिगत पहलकदमीका बारे छलफल भएको थियो ।

गभर्नर डा. नेपालले Asia Pacific Region का Director Dr. Changyoung Rhee सँगको शिष्टाचार भेटका क्रममा नेपाली अर्थतन्त्रको समसामयिक स्थिति र नेपालले



अर्धवार्षिक मौद्रिक नीतिमा वित्तीय क्षेत्रको सन्दर्भमा लिएका नीतिगत व्यवस्थाहरुका बारे जानकारी गराउनु भएको थियो । सोही अवसरमा उहाँले Article IV Consultation Mission to Nepal सफलतापूर्वक सम्पन्न गरेकोमा Dr. Rhee र नेपालका लागि IMF Mission टोलीलाई धन्यवाद दिनुभयो । सो भेटमा Dr. Rhee ले नेपाल राष्ट्र बैंकले मौद्रिक तथा वित्तीय व्यवस्थापनका सम्बन्धमा चालेका कदमको सराहना गर्नुभयो ।

गभर्नर डा. नेपालले Monetary and Capital Market (MCM) डिभिजनका उच्च पदाधिकारीहरुसँग नेपालले प्राप्त गरेको र प्राप्तिका लागि अपेक्षा गरेका प्राविधिक सहयोगका विषयवस्तुहरुका बारे छलफल गर्नु हुँदै अन्तर्राष्ट्रिय मुद्रा कोषबाट मौद्रिक तथा वित्तीय क्षेत्र व्यवस्थापनका लागि प्राप्त प्राविधिक सहयोग तथा सल्लाह महत्वपूर्ण रहेको र FSAP Recommendations क्रमशः लागु गर्दै जाने बताउनु भयो । उक्त भेटमा Monetary and Capital Market (MCM) का उच्च पदाधिकारीहरुले नेपाल राष्ट्र बैंकले वित्तीय क्षेत्रको सुदृढीकरणका लागि अवलम्बन गरेको चुक्ता पुँजी तथा मर्जर एवम् एक्विजिशन सम्बन्धमा चालेको कदम प्रति खुशी व्यक्त गरे ।

सो बैठकमा नेपाल राष्ट्र बैंक ऐन, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन (BAFIA), बैंकिङ कसुर तथा सजाय ऐन जस्ता कानूनी सुधारले नेपालको वित्तीय क्षेत्रमा पार्ने प्रभावका विविध मुद्दाहरुमा छलफल भएको थियो । मौद्रिक व्यवस्थापन, वित्तीय क्षेत्र सुधार, Payments and Settlement, आन्तरिक लेखापरीक्षण लगायतका विविध प्राविधिक विषयमा सहयोग जारी राख्न गभर्नर डा. नेपालले अनुरोध गर्नु भएको थियो । Payments and Settlement का लागि आगामी सन् २०१७ जुनमा एक विशेषज्ञलाई नेपाल पठाउने व्यवस्था गर्न लागेकोमा गभर्नर डा. नेपालले अन्तर्राष्ट्रिय मुद्रा कोषलाई धन्यवाद दिनुभएको थियो ।

उक्त बैठकमा गभर्नर डा. नेपालका साथ अनुसन्धान विभागका कार्यकारी निर्देशक नरबहादुर थापा सहभागी हुनुभएको थियो ।

# गभर्नर डा. नेपालद्वारा एकीकृत कारोबारको समुद्घाटन

गभर्नर डा. चिरंजीबि नेपालले जनता बैंक लिमिटेड र त्रिवेणी विकास बैंक लिमिटेड एकापसमा गाभिए पछिको एकीकृत कारोबारको चैत २५ गते काठमाडौंमा आयोजित एक समारोह बीच समुद्घाटन गर्नुभयो ।



सो समारोहमा प्रमुख अतिथिका रुपमा मन्तव्य राख्नुहुँदै गभर्नर डा. नेपालले देशको अर्थतन्त्रको आकार बढेसँगै आर्थिक गतिविधि बढाउन सक्षम, सबल र प्रतिस्पर्धी संस्था निर्माणका लागि नेपाल राष्ट्र बैंकले पुँजी वृद्धिको नीति लिएको सन्दर्भमा बैंक तथा वित्तीय संस्थाहरुको मर्जर तथा एक्विजिसनलाई प्राथमिकता दिएको बताउनु भयो । सर्वसाधारणको निक्षेपको सुरक्षाको लागि पनि संस्था बलियो हुन जरुरी रहेको धारणा राख्दै उहाँले क्षणिक नाफाको लागि निक्षेपको दुरुपयोग नगर्न आग्रह गर्नुभयो ।

भविष्यमा आउने ठुलाठुला योजनाहरुमा वित्तीय लगानीका लागि पुँजी अभाव हुन सक्ने उल्लेख गर्नुहुँदै गभर्नर डा. नेपालले Local Currency Bond निष्काशन गरी त्यसबाट प्राप्त पुँजीको प्रयोगले विश्वका कतिपय देशहरुमा द्रुततर गतिमा स्थानीय विकासका कार्यहरु भएको उदाहरण दिनुभयो । साथै, उहाँले नेपालमा पनि यस्तो बण्डको निष्काशनको आवश्यकता दर्साउँदै Project Based Finance मा जोड दिनुभयो ।

गभर्नर डा. नेपालले अन्य क्षेत्रका नीतिहरु जस्तै वित्तीय क्षेत्रका नीतिहरु पनि अन्तर्राष्ट्रिय तथा राष्ट्रिय अवस्था अनुसार परिवर्तन भइरहने जानकारी दिनुभयो । उहाँले बासल-३ लागु भएपछि नेपालका बैंक तथा वित्तीय संस्था अझ मजबुत हुनेमा विश्वास व्यक्त गर्नुहुँदै जोखिममा आधारित सुपरिवेक्षण पद्धति क्रमशः ख तथा ग वर्गका संस्थाहरुमा पनि लागु गरिने बताउनु भयो ।

बैंक तथा वित्तीय संस्थाहरुलाई जनशक्ति व्यवस्थापनमा विशेष ध्यान दिन गभर्नर डा. नेपालले सुझाव दिनुभयो । उहाँले बैंकका कर्मचारीहरुको स्कुलिङ एउटै रहेकोले मर्जरपछि कर्मचारी व्यवस्थापन सजिलो हुनुपर्ने धारणा राख्नुभयो । बैंक तथा वित्तीय संस्थाले कर्मचारीहरुको क्षमता अभिवृद्धि तथा तालिममा नाफाको निश्चित प्रतिशत रकम खर्च गर्नुपर्ने व्यवस्था गरिएको स्मरण गराउँदै उहाँले सञ्चालकहरुलाई पनि वित्तीय शिक्षाको व्यवस्था गर्न लागिएको जानकारी दिनुभयो ।

गभर्नर डा. नेपालले बैंकिङ क्षेत्रमा देखिएको तरलता समस्यामा विस्तारै सुधार भएको, समस्याग्रस्त संस्थाहरु घट्दै गएको, नेपालको अर्थतन्त्र राम्रो हुँदै गएको आइएमएफ र विश्व बैंकको भनाइ रहेको कुरा पनि सो समारोहमा व्यक्त गर्नु भएको थियो । मर्जरका लागि उल्लेखनीय कार्य गर्ने साविकका दुवै बैंकका पदाधिकारीहरुलाई कदरपत्र दिइएको उक्त समारोहमा डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीको पनि उपस्थिति रहेको थियो ।

# नवनियुक्त सञ्चालक समितिका सदस्यद्वयबाट शपथ ग्रहण

प्रा. डा. श्रीराम पौड्याल र श्री रामजी रेग्मीले २०७४ वैशाख ७ गते नेपाल राष्ट्र बैंक, सञ्चालक समितिको सदस्य पदको पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभयो ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०८ को उपदफा (१) मा व्यवस्था भए बमोजिम सर्वोच्च अदालतका सम्माननीय प्रधान न्यायाधीश सुशीला कार्कीको समुपस्थितिमा माननीय न्यायाधीश दिपकराज जोशीले सञ्चालकद्वय प्रा. डा. पौड्याल र रेग्मीलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउनु भएको हो । नेपाल सरकारको मिति २०७४।०१।०३ को निर्णयानुसार उहाँहरु नेपाल राष्ट्र बैंकको सञ्चालक समितिको सदस्य पदमा नियुक्त हुनु भएको हो ।

सन् १९५० मा तनहुँ जिल्लामा जन्मनु भएका प्रा. डा. पौड्याल नेपाल राष्ट्र बैंक, सञ्चालक समितिको सदस्यको रुपमा ५ वर्षे कार्यकाल समाप्त गरी पुनः उक्त पदमा नियुक्त हुनु भएको हो । उहाँले सन् १९८५ मा University of Delhi, India बाट अर्थशास्त्र विषयमा विद्यावारिधि गर्नु भएको छ । सन् १९५९ मा गोरखा जिल्लामा जन्मनु भएका रेग्मी नेपाल राष्ट्र बैंकका सेवा निवृत्त कार्यकारी निर्देशक हुनुहुन्छ । धितोपत्र विनिमय बजार लिमिटेडको अध्यक्षको रुपमा कार्य गरी सक्नु भएका उहाँले त्रिभुवन विश्वविद्यालयबाट अर्थशास्त्र र जनप्रशासन विषयमा स्नातकोत्तर गर्नु भएको छ ।



समाचार उहाँहरुको कार्यकालको पूर्ण सफलताको कामना गर्दछ ।

# गभर्नर डा. नेपालद्वारा अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन

गभर्नर डा. चिरंजीबि नेपालले चैत २२ गते पाल्पाको तानसेनमा सिद्धार्थनगर कार्यालयले आयोजना गरेको “पाल्पा जिल्लामा वित्तीय पहुँचको अवस्था र पहुँच विस्तारमा बैंक तथा वित्तीय संस्था/सहकारीको भूमिका” विषयक अन्तरक्रिया कार्यक्रमको समुद्घाटन गर्नुभयो ।

उक्त कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै गभर्नर डा. नेपालले बैंक तथा वित्तीय संस्थाहरुको विस्तारले वित्तीय पहुँच बढाई आर्थिक क्रियाकलाप बढाउन महत्वपूर्ण भूमिका खेलेको बताउनु भयो । उहाँले वित्तीय स्थायित्व, वित्तीय पहुँच अभिवृद्धि र समावेशीकरण तथा निक्षेपकर्ताको हकहितको संरक्षणलाई प्राथमिकतामा राख्दै आर्थिक वृद्धिलाई गतिशीलता प्रदान गर्न उत्पादनमूलक क्षेत्रमा कर्जा बढाउँदै लैजानु पर्ने आवश्यकता रहेको पनि उल्लेख गर्नुभयो । वित्तीय क्षेत्रको उदारीकरणको प्रक्रिया सँगै बैंक तथा वित्तीय संस्थाहरुको विस्तार भए तापनि वास्तविक क्षेत्रको उत्पादनमा वृद्धि, पूर्वाधारको विस्तार, निर्यात प्रवर्द्धन र कृषिको व्यावसायीकरणमा अपेक्षित उपलब्धि हासिल हुन नसकेको प्रसंग जोड्दै गभर्नर डा. नेपालले वित्तीय क्षेत्रमा स्थायित्व कायम भई मुलुकको आर्थिक विकासमा योगदान पुगोस् भन्ने उद्देश्यले वित्तीय क्षेत्र विकास रणनीति कार्यान्वयनको चरणमा रहेको जानकारी दिनुभयो ।

गभर्नर डा. नेपालले कृषि तथा उद्योग क्षेत्रको वृद्धिदर, शोधनान्तर र मुद्रास्फीति जस्ता आर्थिक परिसूचकहरु सकारात्मक रहेको उल्लेख गर्नु हुँदै चालू आर्थिक वर्षमा उच्च आर्थिक वृद्धि हासिल हुने बताउनु भयो । उहाँले विगत लामो समयदेखि रहँदै आएको मुलुकको बढ्दो व्यापार घाटा प्रति चिन्ता व्यक्त गर्दै व्यापार घाटा कम गर्न आन्तरिक उत्पादनमा जोड दिनुपर्ने र सोही अनुरुप बैंक तथा वित्तीय संस्थाहरुले कर्जा लगानी गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो । मौद्रिक नीतिको अर्द्धवार्षिक समीक्षा मार्फत् केन्द्रीय बैंकले नीतिगत व्यवस्था गरेको कारण विस्तारै तरलताको स्थिति सहज बन्दै गएको पनि उहाँले उल्लेख गर्नुभयो ।



सिद्धार्थनगर कार्यालयका निर्देशक रेवतीप्रसाद नेपालले उक्त कार्यक्रममा “पाल्पा जिल्लामा वित्तीय पहुँचको अवस्था, पहुँच विस्तारमा बैंक तथा वित्तीय संस्था/सहकारीको भूमिका, चुनौती र सम्भावना” विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यपत्रमा उहाँले देशको वित्तीय प्रणाली, वित्तीय क्षेत्र विकासको रणनीतिक योजना, वित्तीय विकासको अवस्था, सार्क मुलुकमा वित्तीय पहुँच र समावेशीकरणको अवस्था तथा पाल्पा जिल्लामा वित्तीय कारोबारको अवस्था, निक्षेप तथा कर्जा लगानीको अवस्था र वित्तीय क्षेत्रको आगामी कार्यदिशा सम्बन्धमा प्रकाश पार्नुभयो । उहाँले जिल्लाको विकासको लागि बैंक तथा वित्तीय संस्था र सहकारी क्षेत्रले सकारात्मक भूमिका खेल्नु पर्ने, ग्रामीण क्षेत्रमा कर्जा लगानी बढाउनका लागि नीति, प्रक्रिया र कर्मचारीहरुको सकारात्मक भावना तथा व्यवहार महत्वपूर्ण हुनेमा जोड दिनुभयो । सहभागीहरुद्वारा विभिन्न विषयमा उठाइएका जिज्ञासाहरुलाई पनि निर्देशक नेपालले सम्बोधन गर्नुभयो ।

# बाग्लुङमा अन्तरक्रिया कार्यक्रम

डेपुटी गभर्नर शिवराज श्रेष्ठको उपस्थितिमा बाग्लुङको बाग्लुङ बजारमा बैंकर, व्यवसायी, राजनीतिकर्मी तथा पत्रकारसँग समसामयिक आर्थिक विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।




चैत्र २४ गते उद्योग बाणिज्य संघ बाग्लुङको आयोजनामा सम्पन्न उक्त कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै प्रमुख अतिथि डेपुटी गभर्नर श्रेष्ठले बैंक तथा वित्तीय संस्थाको कर्जायोग्य रकम र ब्याजदरको अवस्था सुधिँदै गइरहेको हुनाले व्यवसायीहरुलाई आफ्नो योजना मुताविक अगाडि बढ्न आग्रह गर्नुभयो । साथै, उत्पादनमुलक क्षेत्रमा लगानी बढाउन व्यवसायी तथा बैंकरहरुलाई सुझाव पनि दिनुभयो । सरकारको महत्वाकांक्षी बजेट र विप्रेषणलाई मध्यनजर गरी बैंक तथा वित्तीय संस्थाले निक्षेप वृद्धि हुने प्रक्षेपण गरेको र सोही अनुसार कर्जा विस्तार गर्दा कजायोग्य रकमको कमी हुन गई केही बैंक तथा वित्तीय संस्थामा अल्पकालीन असर देखा परेको उहाँले बताउनु भयो ।

कार्यक्रममा पोखरा कार्यालयका का. मु. निर्देशक अमर अधिकारी, प्रभु बैंकका प्रमुख कार्यकारी अधिकृत अशोक शेरचन, गरिमा विकास बैंकका प्रमुख कार्यकारी अधिकृत गोविन्दप्रसाद ढकाल, विभिन्न बैंकका संचालक, शाखा प्रवन्धकहरुको साथै स्थानीय उद्योगी व्यवसायी, समाजसेवी, बैंक तथा वित्तीय संस्थाका सेवाग्राही, राजनीतिकर्मीको सक्रिय रुपमा सहभागिता जनाएका थिए ।

# अन्तरक्रिया कार्यक्रम सम्पन्न

डेपुटी गभर्नर शिवराज श्रेष्ठको उपस्थिति र म्याग्दी उद्योग बाणिज्य संघको आयोजनामा चैत्र २५ गते बेनीमा बैंक तथा वित्तीय संस्थाहरु र सेवाग्राही बीचको अन्तरसम्बन्ध विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।




उक्त कार्यक्रममा प्रमुख अतिथि डेपुटी गभर्नर श्रेष्ठले नेपाल सरकारले आर्थिक वर्ष २०७४/७५ को वार्षिक बजेट ल्याउन लागेको सन्दर्भमा सो बजेटमा म्याग्दी जिल्लाको समस्याहरुलाई सकभर समेट्नका लागि स्थानीय स्तरमा रहेका समस्याहरु राख्न सहभागीहरुलाई आग्रह गर्नुभयो । डेपुटी गभर्नर श्रेष्ठले नेपाल राष्ट्र बैंकले साना तथा मझौला व्यावसायिक कर्जा, विपन्नवर्ग कर्जा, कृषि तथा उत्पादनशील क्षेत्रगत कर्जालाई प्राथमिकता राखेर आवश्यक नीति बनाइ रहेको तथा संघीयता पछिको बैंक तथा वित्तिय संस्थाको संरचना कस्तो बनाउने भनेर गृहकार्य पनि गरिरहेको सो अवसरमा बताउनु भयो । साथै, अन्तरक्रियामा राखिएका जिज्ञासाहरुलाई पनि उहाँले सम्बोधन गर्नुभयो ।

कार्यक्रममा पोखरा कार्यालयका का. मु. निर्देशक अमर अधिकारी, विभिन्न बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत, संचालक, शाखा प्रवन्धकहरुका साथै स्थानीय उद्योगी व्यवसायी, समाजसेवी लगायतको सहभागिता थियो । सहभागीहरुले बैंकहरुको संस्थागत सामाजिक दायित्व, बीमा दाबीमा रहेका समस्या, बढ्दो बहु-बैंकिङ आदि सम्बन्धमा जिज्ञासा राखेका थिए ।

## ज्ञान आदानप्रदान कार्यक्रम

गभर्नरको कार्यालयले आर्थिक वर्ष २०७३।७४ को प्रत्येक महिनामा एउटाका दरले वर्षभरिमा जम्मा १२ वटा ज्ञान आदानप्रदान कार्यक्रमको आयोजना गर्ने योजना अनुरुप चैत ३१ गते नवौं कार्यक्रमको आयोजना गऱ्यो । उक्त कार्यक्रममा अनुसन्धान विभागका उपनिर्देशक विरेन्द्र बुढाले Monetary Financial Issues and Challenges विषयमा प्रस्तुति दिनुभयो । उक्त ज्ञान आदानप्रदानसँग सम्बन्धित सामग्री home .nrb .org .np मा राखिएको छ ।

## एकीकृत कारोबार

साविकका सेन्ट्रल फाइनान्स लिमिटेड र भक्तपुर फाइनान्स कम्पनी लिमिटेड एक आपसमा सम्पूर्ण सम्पत्ति तथा दायित्व सर्ने गरी गाभिएका छन् । उक्त दुवै संस्थाबाट सञ्चालन हुँदै आएको सम्पूर्ण वित्तीय कारोबार चैत १० गतेदेखि "सेन्ट्रल फाइनान्स लिमिटेड" को नामबाट एकीकृत रुपमा सञ्चालन भएको छ ।

# वित्तीय साक्षरता कार्यक्रम

डेपुटी गभर्नर शिवराज श्रेष्ठको उपस्थितिमा म्याग्दी जिल्लाको दर्बाङमा वित्तीय साक्षरता कार्यक्रम चैत्र २५ गते सम्पन्न भयो ।

मिडिया इन्टरनेशनलको आयोजना र नेपाल राष्ट्र बैंकको प्रवर्द्धनमा "वित्तीय जागरण राष्ट्रिय अभियान" भन्ने नारा रहेको उक्त वित्तीय साक्षरता कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै प्रमुख अतिथि डेपुटी गभर्नर श्रेष्ठले वित्तीय पहुँच, वित्तीय साक्षर समाज, उत्पादनशील क्षेत्रमा बैंक, सर्वसाधारण र उद्योगीको सहभागिता आदि समृद्ध देशको सूचक भएको हुँदा यस्ता कायक्रमले सर्वसाधारणको वित्तीय चेतनामा वृद्धि गर्ने र सर्वसाधारणको बैंकिङ क्षेत्रमा सहभागिता बढाउने बताउनु भयो । नेपालमा ४० प्रतिशत जनता औपचारिक बैंकिङ भित्र रहेको, सहकारी क्षेत्रबाट २१ र अनौपचारिक क्षेत्रबाट २१ प्रतिशतले बैंकिङ सुविधा लिइरहेको तथा १८ प्रतिशत जनसंख्या बैकिङ सुविधाबाट पूर्णरुपले बञ्चित भएको तथ्याङ्क विभिन्न संस्थाहरुले दावी गरिरहेको अवस्थामा देशको दिगो विकासका लागि वित्तीय साक्षरता कार्यक्रमको आवश्यकता महसुस गर्दै नेपाल राष्ट्र बैंकले राष्ट्रिय वित्तीय साक्षरता कार्यक्रम देशका विभिन्न स्थानहरुमा संचालित गरिरहेको पनि उहाँले बताउनु भयो ।




डेपुटी गभर्नर श्रेष्ठले नयाँ संविधान लागु भइसकेको र स्थानीय स्तरको चुनाव हुँदै गरेको अवस्थामा आर्थिक एजेण्डाहरुले विस्तारै प्राथमिकता पाउँदै गएको र मुलुक आर्थिक विकास तर्फ उन्मुख भइरहेको हुनाले सर्वसाधारणको वित्तीय चेतनास्तर बढाउन यस्ता कार्यक्रम अत्यन्त आवश्यक भएको बताउनु भयो । कार्यक्रममा उपस्थित व्यक्तिहरुले राखेका जिज्ञासाहरुलाई डेपुटी गभर्नर श्रेष्ठले प्रष्ट पार्नु भएको थियो भने बैंकहरुलाई सामाजिक उत्तरदायित्व अन्तर्गत वित्तीय साक्षरता कार्यक्रममा लगानी गर्न आग्रह गर्नुभयो ।

कार्यक्रममा बोल्दै नेपाल राष्ट्र बैंक, पोखराका का. मु. निर्देशक अमर अधिकारीले बैंकहरुले देशको दुर्गम स्थानमा पनि शाखा विस्तार गर्ने र आफ्नो शाखा मार्फत सर्वसाधारणहरुलाई वित्तीय चेतनाको वृद्धि गरी मुलुकको सन्तुलित र दिगो विकासमा टेवा पुऱ्याउन आग्रह गर्नु भएको थियो । कार्यक्रममा विभिन्न बैंकका प्रमुख कार्यकारी अधिकृत, संचालक, शाखा प्रवन्धक, अन्य कर्मचारीहरुको साथै स्थानीय उद्योगी व्यवसायी, समाजसेवी, शिक्षक, विधार्थी, सर्वसाधारणहरुको उल्लेख्य उपस्थिति रहेको थियो ।

## लमजुङमा वित्तीय साक्षरता कार्यक्रम

पोखरा कार्यालयको आयोजनामा लमजुङ जिल्लाको सुन्दरबजारमा चैत्र २७ गते सर्वसाधारणको वित्तीय चेतना बढाई वित्तिय पहुँच विस्तारका साथै आर्थिक तथा सामाजिक स्तर वृद्धिमा सहयोग गर्ने उद्देश्यका साथ वित्तीय साक्षरता कार्यक्रम आयोजना सम्पन्न गरियो ।

कार्यकममा प्रमुख अतिथि डेपुटी गभर्नर शिवराज श्रेष्ठले देशले आर्थिकका साथ साथै सामाजिक सूचकमा अग्रगामी छलाङ मार्न वित्तीय साक्षरता महत्वपूर्ण कडी रहेको बताउनु भयो । बैंक तथा वित्तीय संस्थाहरुको संचालन अनुमति दिने, त्यसका कारोबारहरुलाई लगातार अनुगमन, नियमन र नियन्त्रणको जिम्मेवारी लिएको नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार संचालन अनुमति प्राप्त संस्थासँग ढुक्कसँग कारोबार गरी आफ्नो आर्जनलाई सुरक्षित गर्नुका साथै आफ्नो आर्जनमा वृद्धि गर्न श्रेष्ठले अनुरोध गर्नभयो ।



कार्यक्रममा पोखरा कार्यालयका का. मु. निर्देशक अमर अधिकारीले सम्पूर्ण जनताहरुले आफूसँग भएको पैसाको जतन गर्न नेपाल राष्ट्र बैंकसँग अनुमति प्राप्त संस्थामा मात्र कारोबार गर्न र वित्तीय जानकारीका लागि आफू नजिकको बैंकमा गई सम्पर्क गर्ने र तहाँबाट जानकारी नपाएमा नेपाल राष्ट्र बैंकमा सम्पर्क गर्न अनुरोध गर्नुभयो । आफ्नो आम्दानीको केही निश्चित रकम बचत गर्ने बानी बसाउँदा भैपरी आउने खर्च व्यवस्थापन गर्न तथा भविष्यका लागि लगानीको जोहो गर्न सजिलो हुने कुरालाई जोड दिनुहुदै का. मु. निर्देशक अधिकारीले नोट छपाइ गर्दा राष्ट्रको खर्च हुने तथा नोट मुलुकको प्रतिष्ठासँग जोडिएको हुनाले नोटको जतनका साथ उपयोग गर्न पनि सुझाउनु भयो । उपनिर्देशक तिलबहादुर गुरुङले बैंक तथा वित्तीय संस्था जनताका वित्तीय व्यवस्थापक हुन् भन्दै किसान, व्यवसायी, जागिरे लगायत सर्वसाधारण सबैलाई आफूसँग भएको वित्तीय स्रोतको उचित व्यवस्थापन गर्न सहयोग गर्ने बैंकसँग कारोबार गर्न आग्रह गर्नुभयो ।

कार्यक्रममा का. मु. उपनिर्देशक रामकुमार कार्कीले बैंकले उपलब्ध गराउने सुविधाहरु जस्तै कर्जा, निक्षेप, विप्रेषण, लकर, बीमा आदिका बारेमा बताउनुका साथै बैंकसँग सम्बन्ध गाँस्दा हुने फाइदा तथा अपनाउनु पर्ने सचेतना बारे प्रकाश पार्नु भएको थियो । कर्मचारी, विद्यार्थी, शिक्षक, गृहणी, व्यवसायी लगायतको उल्लेख्य उपस्थिति रहेको कार्यकममा श्रव्य तथा दृश्य दुवै माध्यमबाट सहभागीहरुलाई वित्तीय साक्षरता सम्बन्धी ज्ञान दिइएको थियो ।

## धनकुटामा समसामयिक आर्थिक तथा बैंकिङ गतिविधि सम्बन्धी अन्तरक्रिया

विराटनगर कार्यालयले वार्षिक कार्ययोजना अन्तर्गत धनकुटा र तेह्रथुम जिल्ला भित्रका बैंक तथा वित्तीय संस्थाका कार्यालय प्रमुखसँग चैत १० गते धनकुटा जिल्लाको धनकुटा बजारमा समसामयिक आर्थिक तथा बैंकिङ गतिविधि सम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

सो कार्यक्रममा विराटनगर कार्यालयका निर्देशक रामु पौडेलले मुद्रा व्यवस्थापन तथा चुनौती एवम् प्रभावकारी बैंकिङ सेवा तथा सुविधा, आर्थिक तथा बैंकिङ अनुसन्धान गतिविधि, पुँजीकोष तथा पुँजी योजना सम्बन्धी व्यवस्था, निक्षेप तथा नोटकोष सम्बन्धी व्यवस्था, कर्जा प्रवाह तथा सोको नोक्सानी व्यवस्था, तरलता, ब्याजदर तथा संचालन जोखिम, संस्थागत सुशासन, सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा लगानी गर्ने कार्य निवारण गर्ने निर्देशिकाको साथै ग्राहक पहिचान निर्देशिका र वित्तीय ग्राहक संरक्षण तथा वित्तीय साक्षरता सम्बन्धमा नेपाल राष्ट्र बैंकले गरेका व्यवस्था र निर्देशन एवम् परिपत्रहरुको प्रभावकारी कार्यान्वयनको बारेमा संक्षिप्त विवरण प्रस्तुत गर्दै विभिन्न निर्देशनहरु दिनुभयो । साथै, निर्देशक पौडेलले सो अवसरमा उठेका विभिन्न जिज्ञासाहरुलाई पनि सम्बोधन गर्नुभयो ।

उक्त अन्तरक्रिया कार्यक्रमको सञ्चालन र स्वागत मन्तव्य विराटनगर कार्यालयका सहायक निर्देशक सुबोधमान श्रेष्ठले गर्नु भएको थियो । अन्तरक्रियामा क्षेत्रीयस्तरका विकास बैंकहरुमा प्रदेश निर्देशित पुँजी संरचना, हकप्रद शेयर जारी गर्न पाउने प्रावधान, लघुवित्त संस्थाका दुर्गम शाखाले निक्षेप संकलन गर्न पाउनु पर्ने व्यवस्था र आगामी बजेटको पूर्व सर्वेक्षण एवम् आगामी मौद्रिक नीतिमा समावेश गर्नुपर्ने कार्यक्रम तथा सुझाव सम्बन्धी विषयमा विस्तृत रुपमा छलफल भएको थियो ।

कार्यक्रममा धनकुटा र तेह्रथुम जिल्ला भित्रका १८ वटा बैंक तथा वित्तीय संस्था र उद्योग वाणिज्य संघका प्रतिनिधिको उपस्थिति रहेको थियो ।

### धनगढीमा ज्ञान आदानप्रदान कार्यक्रम

धनगढी कार्यालयले चैत २५ गते ज्ञान आदानप्रदान कार्यक्रमको आयोजना गर्‍यो । उक्त कार्यक्रममा उपनिर्देशक दीर्घबहादुर रावलले Ladder of Inference सम्बन्धी दैनिक जीवन तथा व्यवहारमा उतार्नु पर्ने कुराहरुमा प्रकाश पार्नुभयो ।

प्रधान सहायक डम्बरदत्त भट्ट र सहायक जयबहादुर साउदले लेखा निर्देशिका सम्बन्धी तालिममा हासिल गरेको ज्ञानलाई पनि सो कार्यक्रममा प्रस्तुत गर्नुभयो ।

**नेपाल राष्ट्र बैंक समाचार**
**www.nrb.org.np मा पनि पढ्न सकिन्छ ।**

# गौरमा लघुवित्त सम्बन्धी अन्तरक्रिया कार्यक्रम

वीरगञ्ज कार्यालयको आयोजनामा रौतहट जिल्लाको सदरमुकाम गौरमा चैत्र ९ गते एक दिवसीय लघुवित्त सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

उक्त कार्यक्रममा निर्देशक धनन्जय शर्माले वित्तीय पहुँच नपुगेका जनताहरु माझ लघुवित्त संस्थाहरुले पुऱ्याएको योगदानको प्रशंसा गर्नुभयो । उहाँले लघुवित्त संस्थाहरुले गरिब जनताहरुको वित्तीय पहुँच सुनिश्चित गरी जीवनस्तर उकास्न थप भूमिका खेल्नु पर्ने सुझाव पनि दिनुभयो । लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका निर्देशक देवकुमार ढकालले "घ वर्गका लघुवित्त वित्तीय संस्थाहरुको वर्तमान स्थिति, सम्भावना तथा चुनौतीहरु" विषयमा र "Regulatory and Supervisory Framework of Microfinance Development Banks" विषयमा वार्ता प्रस्तुत गर्नुभयो । उहाँले सहभागीहरुको तर्फबाट राखिएका जिज्ञासाहरुको जवाफ पनि दिनुभयो ।




कार्यक्रममा वीरगञ्ज कार्यालयका उपनिर्देशक प्रदीप भट्टराईले उत्साहजनक र सक्रिय सहभागिताको लागि सहभागीहरुलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो । सहायक निर्देशक टिकाराम तिमिल्सिनाले संचालन गर्नु भएको उक्त कार्यक्रममा सहभागीहरुको तर्फबाट मिथिला लघुवित्त वित्तीय संस्था गरुडा, रौतहटका शाखा प्रबन्धक राजकरण सिंले अन्तरक्रिया कार्यक्रम अत्यन्त महत्वपूर्ण रहेको र यस्ता कार्यक्रमहरुले भविष्यमा पनि निरन्तरता पाउनुपर्ने विचार व्यक्त गर्नु भएको थियो ।

कार्यक्रममा नारायणी अञ्चलमा कार्य सञ्चालन गरिरहेका लघुवित्त वित्तीय संस्थाहरुका कार्यालय प्रमुख तथा प्रतिनिधिहरु गरी पैंतालीस जनाको सहभागिता रहेको थियो ।

# मकवानपुरमा वित्तीय चेतना कार्यक्रम सम्पन्न

वीरगञ्ज कार्यालयले निर्देशक धनञ्जय शर्माको प्रमुख आतिथ्यमा चैत्र २६ गते तिलगङ्गा महिला बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको व्यवस्थापनमा मकवानपुर जिल्लाको आमभन्ज्याङमा वित्तीय सचेतना कार्यक्रम सम्पन्न गऱ्यो ।

उक्त कार्यक्रममा निर्देशक शर्माले राष्ट्रमा स्वरोजगार तथा उद्यमशीलताको विकास गरी उत्पादन, आय अभिवृद्धि गरेमा नै राष्ट्र समृद्धिको बाटोमा अघि बढ्ने विषय प्रस्तुत गर्नुभयो । उहाँले बैंक तथा वित्तीय संस्थाले सुलभ रुपमा पुँजी उपलब्ध गराउने हुँदा सो अवसरको उपयोग गर्न र आफ्नो आर्थिक उन्नति गर्न सहभागीलाई आग्रह गर्नुभयो ।

कार्यक्रममा का. मु. उपनिर्देशक भागवत आचार्यले वित्तीय सचेतनाका विविध पक्षमा वार्ता प्रस्तुत गर्नुभयो । सो क्रममा उहाँहरुले बैंक तथा वित्तीय संस्थामा बचत गर्नु केवल व्यक्तिगत फाइदाका लागि मात्र नभएर राष्ट्रको विकास गर्न लगानीका लागि आवश्यक पर्ने पुँजी निर्माणको माध्यम पनि भएको, बचत नै व्यक्तिको उज्ज्वल भविष्य तथा राष्ट्र समृद्धिको आधार रहेको, बैंक तथा वित्तीय संस्थाले पारदर्शी रूपमा वित्तीय सेवा उपलब्ध गराई व्यक्तिको जीवनस्तर उठाउने हुँदा बैंकिङ बानीको विकास गरी यो सुअवसरको उपयोग गर्नुपर्ने बताउनु भयो ।

कर्जा सदुपयोग गरी समयमा नै भुक्तानी गर्नुपर्ने, उद्यम व्यवसायमा यदाकदा हुने हानि नोक्सानीबाट बच्न बीमा गरेपछि ढुक्क हुने, विप्रेषणको उपयोग उत्पादक क्षेत्रमा लगानी गरी दिगो आय आर्जन गरेमा जीवनस्तर माथि उठ्ने तथा नेपाली नोटमा रहेको इतिहास, संस्कृति, सभ्यता संरक्षण गर्न र नोट व्यवस्थापन कार्यमा राज्यले गर्ने ठूलो खर्च न्यूनीकरण गर्न सबै नेपालीले नोटलाई जतन गरी कारोबार गर्नुपर्नेमा पनि का. मु. उपनिर्देशक आचार्यले जोड दिनुभयो ।

कार्यक्रममा नेपाल बैंक लिमिटेड, हेटौंडाका शाखा प्रबन्धक खड्गसिंह मोक्तानले वित्तीय सेवाको माग र आपूर्तिमा देखा परेका व्यावहारिक कठिनाइका बारेमा प्रकाश पार्दै उद्यमशील व्यक्तिलाई वित्तीय स्रोतको खाँचो नहुने उल्लेख गर्नु भएको थियो । कार्यक्रमको सञ्चालन सहायक लालकुमार सुवेदीले गर्नु भएको थियो । सहकारीका अध्यक्ष कुलकुमारी बस्नेतको अध्यक्षता रहेको सो कार्यक्रममा स्थानीय सर्वसाधारण, विद्यार्थी, महिला लगायत २५० जना जतिको सहभागिता रहेको थियो । कार्यक्रममा वित्तीय चेतनामूलक सामग्री वितरण गरिनुका साथै प्रतिभाशाली विद्यार्थीलाई पुरस्कृत समेत गरिएको थियो ।

# आर्थिक तथा बैंकिङ गतिविधि सम्बन्धी अन्तरक्रिया

जनकपुर कार्यालयले आर्थिक तथा बैंकिङ गतिविधिका सन्दर्भमा सिन्धुली जिल्लाका उद्योगी, व्यापारी तथा बैंक तथा वित्तीय संस्थाहरूका स्थानीय प्रमुखहरूसँग सिन्धुलीमा चैत्र ३० गते एक अन्तरक्रिया कार्यक्रम सम्पन्न गऱ्यो ।




सो कार्यक्रममा निर्देशक तुलसीप्रसाद घिमिरेले समसामयिक आर्थिक तथा बैंकिङ गतिविधिका सम्बन्धमा चर्चा गर्दै नेपाल राष्ट्र बैंकको आर्थिक गतिविधि तथा प्रमुख आर्थिक परिसूचकहरूका बारे जानकारी गराउनु भयो । उहाँले उपलब्ध वित्तीय साधन र श्रोतका माध्यमबाट अब उत्पादनशील क्षेत्रले गति लिनुपर्ने बताउनु भयो । व्यावसायिक कृषि तथा पशुपन्छी कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी कार्यविधि नेपाल राष्ट्र बैंकले लागु गरिसकेको तर्फ इंगित गर्दै निर्देशक घिमिरेले त्यसको भरपुर उपयोग गर्न उत्पादनशील क्षेत्रका व्यवसायीहरूसँग आग्रह गर्नुभयो । आर्थिक परिसूचकहरूका बारे जानकारी गराउँदै उहाँले नेपालको निर्यात भन्दा आयात दिनप्रतिदिन बढ्दै गएकोले आयात प्रतिस्थापन गर्न तथा घरेलु उत्पादनका माध्यमबाट मुलुकको कुल गार्हस्थ्य उत्पादन बढाउन कृषि क्षेत्रमा कर्जा बढाउन बैंकहरू लाग्नुपर्ने बताउनु भयो ।

कार्यक्रममा स्वागत मन्तव्य दिँदै उपनिर्देशक प्रल्हाद गिरीले सरोकारवालाहरूसँगको अन्तरक्रिया देशको आर्थिक गतिविधि अध्ययन तथा कर्जा लगानी र निक्षेप सङ्कलनमा आएका व्यवधान वा सुस्ततालाई अन्त्य गर्ने फोरमको रूपमा रहेको बताउनु भयो । उहाँले कृषि तथा पशुपालन कर्जामा राज्यले अनुदान दिएको, बाली तथा पशुपालन बीमाको उपलब्धता पनि रहेकोले यसको फाइदा कृषक तथा व्यवसायीहरूले लिनुपर्ने बताउनु भयो ।

कार्यक्रममा कृषि विकास बैंक, सिन्धुलीका शाखा प्रबन्धक दामोदर दाहालले छोटो अवधिको कृषि कर्जा नवीकरण गर्न मिल्ने वा नमिल्ने भन्ने कुराको अन्यौलता रहेकोले यसतर्फ नेपाल राष्ट्र बैंकले मार्गदर्शन गर्नुपर्ने बताउनु भयो । स्वालम्बन लघुवित्त विकास बैंकका कृष्ण तिमल्सिनाले लघुवित्त विकास बैंकहरूको उपस्थिति धेरै हुनाले अस्वस्थ प्रतिस्पर्धाले गर्दा स्थिति नाजुक भएको, दोहोरो कर्जाको क्रम बढ्दै गएको, साख सूचनाको अन्यौलता र कर्जा असुलीमा समस्या आइरहेकोले गर्दा लगानी कार्य उत्साहजनक नभएको उल्लेख गर्नुभयो । बालकुमारी बचत तथा ऋण सहकारीकी बिमला श्रेष्ठले बैंकहरू ग्रामीण तथा दूरदराजका क्षेत्रमा उपस्थित नभएको बताउनु भयो ।

कार्यक्रममा वित्तीय साक्षरता, तालिम, कृषि र पशुपालन कर्जामा धितोको समस्या, उत्पादनशील क्षेत्रका सरोकारवालाहरू बीचको समन्वय, लगानी संभाव्यता, पूर्वाधारको अवस्था, बैंकिङ पहुँच, कर्जा प्रवाहको प्रक्रिया, ब्याज, बजारको सुनिश्चितता, लेखा प्रणाली लगायतका विषयमा विभिन्न जिज्ञासाहरु उठेका थिए । अन्तरक्रिया कार्यक्रममा सिन्धुली जिल्लाका सरकारी निकायका प्रतिनिधिहरू, उद्योगी/व्यवसायी, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरू लगायतका स्थानिय पत्रकार र कृषिजन्य पेशामा लागेका कृषकहरूको उल्लेख्य उपस्थिति थियो ।

# कपिलवस्तुमा वित्तीय चेतना कार्यक्रम

सिद्धार्थनगर कार्यालयको आयोजनामा चैत्र २८ गते श्री जानकी माध्यमिक विद्यालय महाराजगंज, कपिलवस्तुमा "वित्तीय चेतना अभिवृद्धि" विषयक कार्यक्रम सम्पन्न भयो ।

उक्त कार्यक्रममा निर्देशक रेवतीप्रसाद नेपालले वित्तीय चेतना अभिवृद्धिले मानिसलाई पैसाको प्रयोग योजनाबद्ध तरिकाले गर्न तथा जीवनमा समृद्धि हासिल गर्न सजिलो हुने कुरा बताउनु भयो । उहाँले आय आर्जन, बचत परिचालन, लेखा प्रणाली, कर्जाको सदुपयोग, लगानीका बैकल्पिक उपकरण, प्रविधिको उपयोग, बैंकिङ क्षेत्रमा प्रयोग हुने शब्दावलीहरु र वित्तीय चेतनाको माध्यमबाट सिर्जना हुन सक्ने स्वरोजगारी तथा रोजगारीका अवसरहरुको बारेमा पनि जानकारी गराउनु भयो ।



सहायक निर्देशक कृष्णप्रसाद शर्माले स्वागत मन्तव्य दिनु भएको उक्त कार्यक्रम सहायक निर्देशक गुलाब धवलले सञ्चालन गर्नु भएको थियो । कार्यक्रममा सो विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष दीर्घनारायण पाण्डे, प्राचार्य कृष्णप्रसाद चौधरी लगायत शिक्षक शिक्षिकाहरु, स्थानीय बैंक तथा वित्तीय संस्थाका प्रमुख तथा प्रतिनिधि, कक्षा ९, १०, ११ र १२ मा अध्ययनरत विद्यार्थीहरु गरी करिब १३० जनाको सहभागिता रहेको थियो ।

## अवकाश

सामान्य सेवा विभागका सहायक श्रीकृष्णप्रसाद पौडेल, मुद्रा व्यवस्थापन विभागका वरिष्ठ मेकानिक्स शंकर तामाङ तथा बैंकिङ कार्यालयका उपसहायक रामभजन खड्का र सञ्चार चालक मंगला आचार्यले बैंक सेवामा ३० वर्षको अवधि पूरा गर्नु भएका कारण अवकाश पाउनु भएको छ ।

# लहानमा बैकिङ तथा आर्थिक गतिविधि सम्बन्धी अन्तरक्रिया

जनकपुर कार्यालयले आर्थिक तथा बैंकिङ गतिविधिका सन्दर्भमा सिराहा जिल्लाका उद्योगी, व्यापारी तथा बैंक तथा वित्तीय संस्थाहरूका स्थानीय प्रमुखहरूसँग सिराहाको लहानमा चैत्र १० गते एक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।



उक्त कार्यक्रममा निर्देशक तुलसीप्रसाद घिमिरेले समसामयिक आर्थिक तथा बैंकिङ गतिविधिका सम्बन्धमा प्रस्तुति दिँदै जिल्लाको आर्थिक गतिविधि बढाउने सन्दर्भमा नेपाल राष्ट्र बैंकले सरोकारवालाहरूलाई सक्दो सहयोग र समन्वय गर्ने बताउनु भयो । उहाँले कृषि तथा उद्योगधन्दा विकासका लागि बैंक तथा वित्तीय संस्थाहरूले उत्पादनशील क्षेत्रमा लगानी केन्द्रित गर्नुपर्ने बताउँदै यसबाट भरपुर फाइदा लिन स्थानीय व्यवसायीहरूसँग आग्रह गर्नुभयो । आर्थिक कारोबार बैंकिङ च्यानलबाट गरेमा मात्रै बचतको राम्रो सदुपयोग हुने विचार राख्दै उहाँले बैंकहरुले लगानीका असीमित क्षेत्रहरू पहिल्याउन जरूरी रहेको धारणा राख्नुभयो ।

सो अन्तरक्रिया कार्यक्रममा उपनिर्देशक प्रल्हाद गिरीले सहभागीहरूको प्रश्नोत्तरमा संयोजन गर्दै कृषक, उद्योगी तथा बैंकहरू बीच नेपाल राष्ट्र बैंक सहयोगीका रूपमा चिनिन चाहेको बताउनु भयो। सहायक जयराज कोइरालाले सञ्चालन गर्नु भएको सो कार्यक्रममा कृषक, स्थानीय उद्योगी/व्यवसायी, पत्रकार तथा बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरूको उल्लेख्य सहभागिता थियो । सहभागीहरुले बैंकहरू शहर केन्द्रित भएको, सरकारले ब्याज अनुदान दिने कर्जामा समयमै निकासा नआएको, कर्जामा प्रक्रियागत झण्झटहरू रहेको, कर्जा नीति/नियमहरू पारदर्शी नभएको आदि सम्बन्धमा गुनासा राख्नु भएको थियो ।

उक्त गुनासाहरूको उत्तर दिँदै कृषि विकास बैंक, गोलबजारका रमेशकुमार साहले अनुदानमा रहेको कृषि कर्जाको माग नै कम हुने गरेको र धेरै जसो ग्राहकरू बैंकहरूको कर्जा सम्बन्धी नीति/नियमसँग अनभिज्ञ रहेको कारणले गर्दा कृषि क्षेत्रको कर्जामा अपेक्षित लाभ लिन नसकेको उल्लेख गर्नु भएको थियो भने प्रभु बैंकका अशोककुमार साहले साना दरका नोटको व्यवस्थापनमा कठिनाइ भएकोले लहानमा नोटकोष स्थापना गर्नुपर्ने र सरकारी कारोबार निजी क्षेत्रका बैंकलाई दिनुपर्नेमा जोड दिनु भएको थियो ।

# चन्द्रपुरमा वित्तीय चेतना कार्यक्रम

वीरगञ्ज कार्यालयले चैत्र ५ गते रौतहट जिल्लाको चन्द्रपुर-४ स्थित समाजकल्याण पशुविकास कृषक सहकारी संस्था लिमिटेडको संयोजनमा वित्तीय सचेतना कार्यक्रम सम्पन्न गऱ्यो ।

सो कार्यक्रममा वीरगञ्ज कार्यालयका निर्देशक तथा प्रमुख अतिथि धनञ्जय शर्माले राष्ट्रमा उद्यमशीलताको विकास गरी उत्पादन, आय तथा रोजगार सिर्जना गरेमा नै राष्ट्र समृद्धिको बाटोमा अघि बढ्ने बताउनु भयो । उहाँले बैंक तथा वित्तीय संस्थाले सुलभ रुपमा पुँजी उपलब्ध गराउने हुँदा सो अवसरको उपयोग गर्न र आफ्नो आर्थिक उन्नति गर्न सहभागीहरुसँग आग्रह गर्नुभयो ।

कार्यक्रममा वीरगञ्ज कार्यालयका उपनिर्देशक प्रदीप भट्टराई र सहायक निर्देशक भागवत आचार्यले वित्तीय सचेतनाका विविध पक्षमा वार्ता प्रस्तुत गर्नुभयो । उहाँहरुले बैंक तथा वित्तीय संस्थामा गरिएको बचतको प्रयोजन केवल व्यक्तिगत फाइदाको लागि मात्र नभएर राष्ट्रको विकास गर्न लगानीका लागि आवश्यक पर्ने पुँजी निर्माणको माध्यम पनि भएको, बचत नै व्यक्तिको उज्ज्वल भविष्य तथा राष्ट्र समृद्धिको आधार रहेको प्रष्ट पार्नुभयो ।

यसैगरी उहाँहरुले बैंक तथा वित्तीय संस्थाले पारदर्शी रूपमा वित्तीय सेवा उपलब्ध गराई व्यक्तिको जीवनस्तर उठाउने हुँदा बैंकिङ बानीको विकास गरी यो सुअवसरको उपयोग गर्नुपर्ने, कर्जा सदुपयोग गरी समयमा नै भुक्तानी गर्नुपर्ने, उद्यम व्यवसायमा हुनसक्ने हानी नोक्सानीबाट बच्न बीमा गरेमा ढुक्क भइने, विप्रेषणको उपयोग उत्पादक क्षेत्रमा लगानी गरी दिगो आय आर्जन गरेमा जीवनस्तर माथि उठ्ने तथा नेपाली नोटमा रहेको इतिहास, संस्कृति, सभ्यता संरक्षण गर्न र नोट व्यवस्थापन कार्यमा राज्यले गर्ने ठुलो खर्च न्यूनीकरण गर्न सबै नेपालीले नोटलाई जतन गरी कारोबार गर्नुपर्ने कुरा पनि प्रकाश पार्नुभयो ।

समाजकल्याण पशुविकास कृषक सहकारी संस्था लिमिटेडका अध्यक्ष शिवप्रसाद सापकोटाको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा बैंकद्वारा तयार गरिएका वित्तीय चेतनामूलक सामग्री संस्थालाई उपलब्ध गराइएको थियो भने सहभागी विद्यार्थीलाई पुरस्कृत समेत गरिएको थियो । कार्यक्रममा स्थानीय सर्वसाधारण, विद्यार्थी, महिला लगायत २५० जना जतिको सहभागिता रहेको थियो ।

## पदस्थापन/कामकाज

सूचना प्रविधि विभागका निर्देशक शिवराम दवाडीको सोही विभागमा पदस्थापन भएको छ ।

उपनिर्देशकहरु विकास बैंक सुपरिवेक्षण विभागका हरिप्रसाद रेग्मीको बैंक सुपरिवेक्षण विभागमा, बैंक सुपरिवेक्षण विभागका मिलन राईको बैंक सुपरिवेक्षण विभाग (कामकाज सामान्य सेवा विभाग) मा, बैंक सुपरिवेक्षण विभागका इमेश पौडेलको बैंक सुपरिवेक्षण विभाग (कामकाज बैंकिङ कार्यालय) मा, जनशक्ति व्यवस्थापन विभागका सुधा श्रेष्ठको बैंक तथा वित्तीय संस्था नियमन विभागमा, भुक्तानी प्रणाली विभागका प्रकाश राईको बैंक सुपरिवेक्षण विभाग (कामकाज बैंकिङ कार्यालय) मा, वित्त कम्पनी सुपरिवेक्षण विभागका हेमनाथ त्रिपाठीको मुद्रा व्यवस्थापन विभागमा, विकास बैंक सुपरिवेक्षण विभागका हीरादेवी विष्टको लघुवित्त प्रबर्द्धन तथा सुपरिवेक्षण विभाग (कामकाज राष्ट्र ऋण व्यवस्थापन विभाग) मा, आन्तरिक लेखापरीक्षण विभागका राजन अधिकारीको वित्त कम्पनी सुपरिवेक्षण विभागमा, वित्त व्यवस्थापन विभागका मोहनप्रसाद भट्टराईको आन्तरिक लेखापरीक्षण विभागमा, सिद्धार्थनगर कार्यालयका जीवनप्रकाश पाण्डेयको विकास बैंक सुपरिवेक्षण विभागमा र लघुवित्त प्रबर्द्धन तथा सुपरिवेक्षण विभागका ध्रुवराज आचार्यको बैंकर्स प्रशिक्षण केन्द्रमा पदस्थापन भएको छ ।

उपनिर्देशकहरु बैंक सुपरिवेक्षण विभागका बिमुल मानन्धर, विकास बैंक सुपरिवेक्षण विभागका भुवनेश्वर भट्टराई, गभर्नरको कार्यालयका सुरेश पन्त र आन्तरिक लेखापरीक्षण विभागका राजेन्द्रप्रसाद रिमालको कार्यरत रहेकै विभाग/कार्यालयमा पदस्थापन भएको छ ।

## बढुवा/पदस्थापन

गभर्नरको कार्यालयका गणेशमान महर्जन उपनिर्देशक (कं.) मा बढुवा हुनु भएको छ । उहाँको विदेशी विनिमय व्यवस्थापन विभाग (कामकाज गभर्नरको कार्यालय) मा पदस्थापन भएको छ । त्यसैगरी राष्ट्र ऋण व्यवस्थापन विभागका विविसेन महर्जन र मुद्रा व्यवस्थापन विभागका सिंगमान महर्जन पनि उपनिर्देशक (कं.) मा बढुवा हुनु भएको छ । उहाँहरुको कार्यरत रहेकै विभागमा पदस्थापन भएको छ ।

वित्त व्यवस्थापन विभागका शारदादेवी मिश्र, जनशक्ति व्यवस्थापन विभागका नवराज फुयाँल, मुद्रा व्यवस्थापन विभागका प्रकाश घिमिरे, बैंकिङ कार्यालयका केदार अधिकारी र मुद्रा व्यवस्थापन विभागका शान्ता पौडेल (हुमागाईं) को प्रधान सहायक पदबाट सहायक निर्देशक पदमा बढुवा भएको छ । उहाँहरु मध्ये मिश्रको बैंकिङ कार्यालयमा, फुयाँलको आन्तरिक लेखापरीक्षण विभागमा र घिमिरेको बैंकिङ कार्यालयमा पदस्थापन भएको छ । अधिकारी र पौडेल (हुमागाईं) को कार्यरत रहेकै विभाग/कार्यालयमा पदस्थापन भएको छ ।

वीरगञ्ज कार्यालयका दिनेशप्रसाद साह, वित्त व्यवस्थापन विभागका लुङ्गध्वज तामाङ, बैंकिङ कार्यालयका केशवनाथ भण्डारी र बैंकिङ कार्यालयका निरजकुमार दाहालको सहायकबाट प्रधान सहायकमा बढुवा भएको छ । उहाँहरु मध्ये साह र भण्डारीको कार्यरत रहेकै कार्यालयमा पदस्थापन भएको छ भने तामाङको बैंकिङ कार्यालयमा र दाहालको मुद्रा व्यवस्थापन विभाग (कामकाज बैंकिङ कार्यालय) मा पदस्थापन भएको छ ।

## कामकाज

उपनिर्देशकहरु बैंक सुपरिवेक्षण विभागका देवेन्द्र गौतमलाई वित्तीय जानकारी एकाइमा र सामान्य सेवा विभागका शिखा अधिकारी रेग्मीलाई राष्ट्र ऋण व्यवस्थापन विभागमा अर्को व्यवस्था नभएसम्म कामकाजका लागि खटाइएको छ ।

त्यसैगरी, सहायक निर्देशकहरु समस्याग्रस्त संस्था रिजोलुसन महाशाखाका राजेन्द्रकुमार श्रेष्ठ, जनकपुर कार्यालयका मनोहर शिवाकोटी, आन्तरिक लेखापरीक्षण विभागका भुवनराज त्रिपाठी, बैंक सुपरिवेक्षण विभागका विष्णुकुमार विश्वकर्मा र बैंक तथा वित्तीय संस्था नियमन विभागका इन्द्रत्रिविक्रम पहारीलाई अर्को व्यवस्था नभएसम्म बैंकिङ कार्यालयमा कामकाजको लागि खटाइएको छ भने संस्थागत योजना विभाग (कामकाज पोखरा कार्यालय) का सहायक निर्देशक सुधा विष्ट थापा र जनकपुर कार्यालयका सहायक समिता श्रेष्ठलाई पनि अर्को व्यवस्था नभएसम्म गभर्नरको कार्यालयमा कामकाजका लागि खटाइएको छ ।

## गभर्नर डा. नेपाल अन्तर्राष्ट्रिय सेमिनारमा

गभर्नर डा. चिरंजीबि नेपाल Non-Residential Nepalese Association (NRNA) ले Kuala Lumpur मा आयोजना गरेको 5th NRNA Asia Pacific Regional Meeting मा सहभागी हुन March 17 मा त्यसतर्फ प्रस्थान गर्नुभयो । तत्पश्चात् उहाँ ADB ले March 22 मा Tokyo मा आयोजना गरेको Inaugural ADB-OMFIF Seminar मा सहभागी भई March 25 मा स्वदेश फर्कनु भयो । गभर्नरको कार्यालयका उपनिर्देशक विभुप्रसाद अर्याल पनि उक्त Meeting/Seminar मा सहभागी हुनुहुन्थ्यो ।

## डेपुटी गभर्नर शिवाकोटी Sale Promotion Program मा

डेपुटी गभर्नर चिन्तामणि शिवाकोटी राष्ट्र ऋण व्यवस्थापन विभागले Doha & Dubai मा आयोजना गरेको Sale Promotion Program of Foreign Employment Saving Bonds का लागि March 8 मा त्यसतर्फ प्रस्थान गर्नुभयो । उहाँ उक्त कार्यक्रममा सहभागी भई March 16 मा स्वदेश फर्कनु भयो । राष्ट्र ऋण व्यवस्थापन विभागका कार्यकारी निर्देशक त्रिलोचन पंगेनी, निर्देशक सीता घिमिरे र उपनिर्देशक कुलबहादुर के. सी. पनि सो कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।

## डेपुटी गभर्नर श्रेष्ठ APG Meeting मा

डेपुटी गभर्नर शिवराज श्रेष्ठ APG ले France मा आयोजना गरेको FATF Plenary and Working Group Meeting का लागि February 16 मा त्यसतर्फ प्रस्थान गर्नुभयो । उहाँ उक्त कार्यक्रममा सहभागी भई February 28 मा स्वदेश फर्कनु भयो । वित्तीय जानकारी एकाइका उपनिर्देशक हरिकुमार नेपाल पनि सो कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।

## सञ्चालक समितिका सदस्य अर्याल इजरायलमा

सञ्चालक समितिका सदस्य रामहरि अर्याल IISES ले Tel Aviv, Israel मा March 7 देखि 11 सम्म आयोजना गरेको 7th Economic and Finance Conference मा सहभागी हुनुभयो ।

# अन्तर्राष्ट्रिय तालिम/सेमिनार/गोष्ठी/मिटिङ आदिमा सहभागिता

बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक नारायणप्रसाद पौडेल र बैंक सुपरिवेक्षण विभागका निर्देशक मुकुन्दकुमार क्षेत्री BIS ले Bali, Indonesia मा March 22 देखि 23 सम्म आयोजना गरेको 12th Asia-Pacific High Level Meeting on Banking Supervision मा सहभागी हुनुभयो ।

सामान्य सेवा विभागका कार्यकारी निर्देशक रमेशकुमार पोखरेल र मुद्रा व्यवस्थापन विभागका सहायक निर्देशक मणिराज श्रेष्ठ Others ले Baku, Azarbaijan मा March 27 देखि 29 सम्म आयोजना गरेको High Security Printing Conference Series 2016-17 मा सहभागी हुनुभयो ।

जनशक्ति व्यवस्थापन विभागका कार्यकारी निर्देशक गोपालप्रसाद भट्ट तथा उपनिर्देशक विरेन्द्रदत्त अवस्थी र गभर्नरको कार्यालका उपनिर्देशक माधवराम डंगोल CMA ले Cambodia मा April 3 देखि 7 सम्म आयोजना गरेको Interaction Program With CMA Senior Management मा सहभागी हुनुभयो ।

विदेशी विनिमय व्यवस्थापन विभागका कार्यकारी निर्देशक भिष्मराज ढुंगाना World Gold Council ले Korea मा March 14 देखि 16 सम्म आयोजना गरेको Top Managemet Forum on Knowledge Management of SMEs मा र ACU ले Myanmar मा April 8 मा आयोजना गरेको Meeting of the Standing Committee मा सहभागी हुनुभयो । Myanmar को Meeting मा विदेशी विनिमय व्यवस्थापन विभागका सहायक निर्देशक रमेश शर्मा पनि सहभागी हुनुहुन्थ्यो ।

बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक महेश्वरलाल श्रेष्ठ, निर्देशक अशोककुमार पौडेल तथा उपनिर्देशकहरु किरण पण्डित र प्रद्युम्नकुमार खनाल RBI ले Mumbai मा February 22 देखि 24 सम्म आयोजना गरेको Meeting of the Supervisory College मा सहभागी हुनुभयो ।

बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक बिमलराज खनाल र उपनिर्देशक निश्चल अधिकारी SAARCFINANCE ले Islamabad, Pakistan मा March 27 देखि 28 सम्म आयोजना गरेको SAARCFINANCE Seminar on Financial Stability मा सहभागी हुनुभयो ।

कानुन महाशाखाका निर्देशक रामहरि न्यौपाने र मुद्रा व्यवस्थापन विभागका उपनिर्देशक वीरकाजी शाक्य China Bank Note ले Nanchang, China मा March 29 देखि 30 सम्म आयोजना गरेको Regional Dye Destruction Process of Rs 100 मा सहभागी हुनुभयो ।

गभर्नरको कार्यालयका निर्देशक डा. प्रकाशकुमार श्रेष्ठ SAARCFINANCE ले बंगलादेशको ढाकामा April 9 देखि 10 सम्म आयोजना गरेको SAARCFINANCE Coordinators Meeting मा सहभागी हुनुभयो ।

वित्तीय जानकारी एकाइका निर्देशक ऋषिकेश भट्ट र सहायक निर्देशक रविन्द्र भट्टराई Fiji FIU ले Fiji मा March 13 देखि 18 सम्म आयोजना गरेको Research and Observation Visit मा सहभागी हुनुभयो ।

समस्याग्रस्त संस्था रिजोलुसन महाशाखाका निर्देशक झलक शर्मा आचार्य DBB ले Frankfurt मा February 28 देखि March 2 सम्म आयोजना गरेको Economic Education-The Role of Central Banks मा सहभागी हुनुभयो ।

विराटनगर कार्यालयका निर्देशक रामु पौडेल, सामान्य सेवा विभागका उपनिर्देशक हेमप्रसाद न्यौपाने तथा बैंक तथा वित्तीय संस्था नियमन विभागका उपनिर्देशक सम्झना ढकाल र सहायक निर्देशक आलोकज्योति शाक्य APEC ले Bali, Idonesia मा February 27 देखि March 3 सम्म आयोजना गरेको APEC Financial Regulators Training Initiative Regional Seminar on Crisis Management मा सहभागी हुनुभयो ।

बैंकर्स प्रशिक्षण केन्द्रका निर्देशक रामप्रसाद गौतम, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका उपनिर्देशक चन्द्रकुमार श्रेष्ठ र वित्त व्यवस्थापन विभागका सहायक निर्देशक पाल्साङ लामा थिङ CICTAB ले Lucknow मा March 14 देखि 17 सम्म आयोजना गरेको International Programme on Skill Development of Trainers Training in the Area of Promotion and Financing of SHGs JLGs for Financial Inclusion for Rural Poor मा सहभागी हुनुभयो ।

वित्त कम्पनी सुपरिवेक्षण विभागका निर्देशक दयाराम शर्मा पंगेनी र का.मु. निर्देशक ईश्वरीप्रसाद न्यौपाने CU of HK ले Hongkong मा February 16 देखि 18 सम्म आयोजना गरेको 5th Advance Programme for Central Bankers and Regulators मा सहभागी हुनुभयो ।

सामान्य सेवा विभागका निर्देशक पोमनाथ गौतम DBB ले Frankfurt मा February 21 देखि 23 सम्म आयोजना गरेको Public Procurement मा सहभागी हुनुभयो ।

जनशक्ति व्यवस्थापन विभागका का. मु. निर्देशक बलराम पौडेल र उपनिर्देशक केशव थापा IMB ले Istanbul, Turky मा March 22 देखि 24 सम्म आयोजना गरेको Human Resource Management at Central Banks विषयक तालिममा सहभागी हुनुभयो ।

सूचना प्रविधि विभागका उपनिर्देशक सहदेव चन्द WHD .Global ले Rust, Germany मा March 25 देखि 31 सम्म आयोजना गरेको Cloud Services and Internate Infrastruture Industries विषयक तालिममा सहभागी हुनुभयो ।

वीरगञ्ज कार्यालयका उपनिर्देशक केशवबहादुर के. सी. तथा जनशक्ति व्यवस्थापन विभागका सहायक निर्देशकहरु ईश्वरकुमार कटुवाल, शिवहरिसिं बस्नेत र जनकराज सापकोटा SEACEN ले Bangkok मा March 19 देखि 22 सम्म आयोजना गरेको Workshop on Achieving Better Results in Comlex Times मा सहभागी हुनुभयो ।

लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका उपनिर्देशक हरिप्रसाद पौडेल APRACA ले Indonesia मा March 22 देखि 24 सम्म आयोजना गरेको 2nd Dissemination Workshop:IFAD-APRACA Regional Grant Project "RuFBeP" मा सहभागी हुनुभयो ।

बैंकिङ कार्यालयका उपनिर्देशक उर्मिलादेवी कार्की तथा सहायक निर्देशकहरु भुक्तानी प्रणाली विभागका दीपक पोखरेल, विराटनगर कार्यालयका खिलबहादुर श्रेष्ठ र बैंक तथा वित्तीय संस्था नियमन विभागका अनाडायर सुवेदी

बाँकी अन्तिम पृष्ठमा

SEACEN ले Kuala Lumpur, Malaysia मा March 27 देखि 31सम्म आयोजना गरेको SEACEN-BOJ Intermediate Course on Payment and Settlement Systems मा सहभागी हुनुभयो ।

विकास बैंक सुपरिवेक्षण विभागका उपनिर्देशक एकराज कँडेल, वित्त कम्पनी सुपरिवेक्षण विभागका उपनिर्देशक कर्णगोपाल श्रेष्ठ तथा सहायक निर्देशक धीरेन्द्रकुमार आर. सी. र बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशक कुबेर थापा ADB & APEC ले Hongkong मा March 27 देखि 31सम्म आयोजना गरेको Regional Seminar on Liquidity Risk Management मा सहभागी हुनुभयो ।

जनशक्ति व्यवस्थापन विभागका उपनिर्देशक राजेन्द्र भट्टराई, आन्तरिक लेखापरीक्षण विभागका सहायक निर्देशक नारदकुमार पिया तथा भुक्तानी प्रणाली विभागका सहायक निर्देशकहरु पदमराज रेग्मी र श्यामसुन्दर चौधरी RBI ले Chennai मा March 27 देखि 31सम्म आयोजना गरेको Payment & Settlement Systems:Operation, Risks and Oversight विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

सिद्धार्थनगर कार्यालयका उपनिर्देशक सुवास आचार्य CICTAB ले Dhaka मा February26 देखि March 2 सम्म आयोजना गरेको International Programme on Agricultural Financing and Rural Development मा सहभागी हुनुभयो ।

सामान्य सेवा विभागका उपनिर्देशक केशवप्रसाद बडाल तथा विदेशी विनिमय व्यवस्थापन विभागका सहायक निर्देशकहरु काजीराम थापा र हरिकिरण ढकाल SCB ले सिंगापुरमा March 1 देखि 3 सम्म आयोजना गरेको Asia Reserve Managers Exchange मा सहभागी हुनुभयो ।

सामान्य सेवा विभागका उपनिर्देशक पुष्पराज खकुरेल र सचिन गोर्खाली तथा सहायक निर्देशकहरु बैंकिङ कार्यालयका बाबुराम गिरी, बलराम भुजू, विश्वम्भर अधिकारी, ध्रुवप्रसाद गौतम, विक्रमवीरकुमार कोजू, निर्मला श्रेष्ठ र माधव बस्नेत, पोखरा कार्यालयका भरतराज आचार्य र कालीदास पौडेल, नेपालगञ्ज कार्यालयका भीमार्जुन शाह, जनशक्ति व्यवस्थापन विभागका कृष्णप्रसाद घिमिरे र हरिदास वैशणव, अनुसन्धान विभागका रामशरण लामा, वित्त व्यवस्थापन विभागका शिवलाल श्रेष्ठ र वित्त व्यवस्थापन विभागका कुमार कार्की, मुद्रा व्यवस्थापन विभागका मदनकुमार श्रेष्ठ, धनगढी कार्यालयका प्रेम चन्द ठकुरी, वीरगञ्ज कार्यालयका सुवासवीर माथेमा र शरदराज गौतम, विराटनगर कार्यालयका रेनुका बन, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका शंकरप्रसाद पौडेल र गभर्नरको कार्यालयका राधाकृष्ण पुडासैनी CMA ले Cambodia मा March 29 देखि 31सम्म आयोजना गरेको Exposure Visit/Training मा सहभागी हुनुभयो ।

विकास बैंक सुपरिवेक्षण विभागका उपनिर्देशक दिनेशरत्न स्थापित IMF-STI ले Singapore मा March 10 देखि 21 सम्म आयोजना गरेको Financial Markets and Instruments विषयक तालिममा सहभागी हुनुभयो ।

जनशक्ति व्यवस्थापन विभागका उपनिर्देशक सुधा श्रेष्ठ र लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका सहायक निर्देशक भगवती चापागाईं CICTAB ले Pune, India मा March 8 देखि 11 सम्म आयोजना गरेको International Programme on Good Governance for Women Board of Directors of Cooperatives and Rural Financing Institutions मा सहभागी हुनुभयो ।

विदेशी विनिमय व्यवस्थापन विभागका उपनिर्देशक मीना पाण्डे तथा सहायक निर्देशकहरु अरुण आचार्य, शिवप्रसाद घिमिरे र ध्रुव पोखरेल Bank of Korea ले Korea मा March 7 देखि 10 सम्म आयोजना गरेको Foreign Reserve Management विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका उपनिर्देशक डिलाराम सुवेदी BIS ले Switzerland मा March 14 देखि 16 सम्म आयोजना गरेको Seminar on Stress Testing for Supervision विषयक तालिममा सहभागी हुनुभयो ।

भुक्तानी प्रणाली विभागका उपनिर्देशक प्रकाश राई तथा बैंकिङ कार्यालयका सहायक निर्देशकहरु राजेन्द्र खत्री र उमेशप्रसाद काफ्ले SEACEN ले Beijing, China मा February 27 देखि March 4 सम्म आयोजना गरेको SEACEN Foundation Course on Payment and Settlement Systems विषयक तालिममा सहभागी हुनुभयो ।

अनुसन्धान विभागका सहायक निर्देशक रमेशप्रसाद पराजुली IMF ले Delhi, India मा March 20 देखि 31 सम्म आयोजना गरेको Fiscal Analysis and Forecasting विषयक तालिममा सहभागी हुनुभयो ।

लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका सहायक निर्देशकहरु ईश्वर पन्त र कृष्णबहादुर कुँवर CICTAB ले Pune, India मा March 20 देखि 24 सम्म आयोजना गरेको International Programme on Cooperative Governance for the Board of Directors of Cooperatives and Rural Financing Institutions मा सहभागी हुनुभयो ।

वित्तीय जानकारी एकाइ सहायक निर्देशक विनय सिग्देल APG ले Washington DC मा March 27 देखि 31 सम्म आयोजना गरेको Assesor Training Workshop मा सहभागी हुनुभयो ।

विकास बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशक विष्णुप्रसाद सुवेदी State Bank of Pakistan ले Pakistan मा March 6 देखि 24 सम्म आयोजना गरेको 47th International Central Banking Course मा सहभागी हुनुभयो ।

लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका सहायक निर्देशकहरु शर्मिला श्रेष्ठ, बबिता ढुंगाना र अम्बिका नेपाल CICTAB ले Pune, India मा March 6 देखि 9 सम्म आयोजना गरेको Womens Development through Income Generating Activities मा सहभागी हुनुभयो ।

प्रकाशक
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext .: ३६२
ईमेल : samachar@nrb .org .np, वेवसाईट : www .nrb .org .np

सम्पादक
शम्भुनाथ ढुङ्गाना

सम्पादन सहयोगी
सुरेश पन्त
सार्थक कार्की
नवीना ताम्राकार

मुद्रण : अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, अनामनगर, काठमाडौं, फोन नं. ०१-४२६७५१८, ४२६८११६